# नेपाल ईन्जिनियर्स एशोसिएसन
## निर्वाचन कार्यविधी - २०७५

**प्रस्तावनाः**

नेपाल ईन्जिनियर्स एशोसिएसनको (ने.ई.ए.) संगठनात्मक स्वरुपलाई संघीय संरचनामा लैजाने सन्दर्भमा त्यस बमोजिम हुने निर्वाचन प्रणालीलाई व्यवस्थित र मर्यादित बनाउन आवश्यक भएको हुँदा ने.ई.ए.विधान चौथो संशोधन २०५१ को परिच्छेद ५ दफा १६ (२) को अधिनमा रहि ३१ औ कार्यकारिणी समितिले यो निर्वाचन कार्यविधी तयार गरेको छ ।

**१. संक्षीप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधीको नामः नेपाल ईन्जिनियर्स एशोसिएसनको निर्वाचन कार्यविधी - २०७५ रहेको छ ।

(ख) यो कार्यविधी केन्द्रीय कार्यकारिणी समितिले पारित गरी तोकेको मितिबाट लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(क) **"नेपाल ईन्जिनियर्स एशोसिएसन"** भन्नाले विधानमा व्यवस्था भए बमोजिम केन्द्रीय कार्यालय, प्रदेश केन्द्र र स्थानीय केन्द्र समेतको संरचनालाई जनाउनेछ ।

(ख) **"विधान"** भन्नाले नेपाल ईन्जिनियर्स एशोसिएसनको चौथो संशोधित विधान २०५१ लाई जनाउनेछ ।

(ग) "**केन्द्रीय कार्यकारिणी समिति"** भन्नाले नेपाल ईन्जिनियर्स एशोसिएसनको केन्द्रीय कार्यकारिणी समितिलाई जनाउनेछ ।

(घ) **"प्रदेश कार्यकारिणी समिति"** भन्नाले संघीय संरचना अनुसार एशोसिएसनको प्रत्येक प्रदेशमा अवस्थित कार्यकारिणी समितिलाई जनाउनेछ ।

(ङ) "**स्थानीय कार्यकारिणी समिति**" भन्नाले एशोसिएसनको संबन्धित प्रदेश केन्द्र मातहत रहने गरी मुलुकभरका स्थानीय तहमा आवश्यकता अनुसार खोलिएका स्थानीय केन्द्रको कार्यकारिणी समितिलाई जनाउनेछ ।

(च) "**मतदाता सदस्य"** भन्नाले निर्वाचन प्रयोजनका लागी विधानले तोकेको अवधिभित्र नविकृत भएका सदस्यलाई सम्झनु पर्दछ ।

(छ) **"निर्वाचन समिति"** भन्नाले नेपाल ईन्जिनियर्स एशोसिएसनको चौथो संशोधित विधान -२०५१ को परिच्छेद ८ को दफा २६ बमोजिम गठित निर्वाचन समितिलाई सम्झनु पर्दछ ।

(ज) **"प्रदेश केन्द्र"** भन्नाले नेपाल सरकारले तोकेको प्रदेशमा राजधानी अवस्थित एशोसिएसनको प्रदेश स्तरीय कार्यालयलाई जनाउनेछ।

(झ) **"स्थानीय केन्द्र"** भन्नाले एशोसिएसनको प्रदेश केन्द्र मातहत स्थानीय तहमा खोलिएका कार्यालयलाई जनाउनेछ ।

(ञ) **"निर्वाचन अधिकृत"** भन्नाले प्रदेशमा निर्वाचन सम्पन्न गराउनका लागी निर्वाचन समितिद्वारा नियुक्त अधिकारीलाई जनाउनेछ ।

(ट) **"मतदान अधिकृत"** भन्नाले निर्वाचन अधिकृत मातहत रहने गरी तोकिएको मतदान केन्द्रमा मतदान कार्य सम्पन्न गराउन निर्वाचन समितिद्वारा नियुक्त अधिकारीलाई जनाउनेछ ।

(ठ) **"सहायक मतदान अधिकृत"** भन्नाले निर्वाचन अधिकृत वा मतदान अधिकृतद्वारा आवश्यकता अनुसार नियुक्त कर्मचारीलाई जनाउनेछ । ्

(ड) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले विधान तथा केन्द्रीय कार्यकारिणी समितिको निर्णयद्वारा भएको व्यवस्थालाई जनाउनेछ ।

**स्पष्टीकरण:** बहालवाला केन्द्रीय कार्यकारिणी समितिका पदाधिकारी तथा सदस्य र प्रदेश कार्यकारिणी समितिका पदाधिकारी तथा सदस्यहरु उपरोक्त पदहरुको भूमिकामा नियुक्त हुन पाउने छैनन् ।

## ३. निर्वाचन संबन्धी व्यवस्थाः

(क) **केन्द्रीय कार्यकारिणी समितिको निर्वाचन:** विधानमा तोकिए बमोजिम २५ पदका लागी मुलुकभर तोकिएका मतदान केन्द्रबाट निर्वाचित केन्द्रीय कार्यकारिणी समिति रहनेछ । केन्द्रीय कार्यकारिणी समितिको निर्वाचनको लागि सबै प्रदेशमा निर्वाचन समितिले आवश्यकतानुसार मतदान केन्द्रहरु तोक्नेछ ।

(अ) केन्द्रीय कार्यकारिणी समितिको लागी संबन्धित प्रदेश केन्द्रबाट निर्वाचित ७ जना केन्द्रीय सदस्यहरुको निर्वाचनमा तत तत् प्रदेशमा आवद्ध मतदाताहरुले मात्र प्रदेश केन्द्रमा तोकिएको आ-आफ्नो मतदाता नामावली कायम रहेको मतदान केन्द्रबाट एक पद एक मतको आधारमा प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित गरि पठाउनुपर्नेछ ।

(आ) उपरोक्त बुँदा “अ” बमोजिम निर्वाचित भई आउने ७ (सात) जना केन्द्रीय सदस्यहरु बाहेक बाँकी पदाधीकारी तथा १२ जना सदस्यहरुको लागी निर्वाचन समितिले देशभर तोकेको मतदान केन्द्रमध्ये आ-आफ्नो मतदाता नामावली कायम रहेको स्थानबाट  एक व्यक्ति एक मतको आधारमा प्रत्यक्ष निर्वाचित गरी पठाउनु पर्नेछ ।

(इ) प्रदेश कार्यकारिणी समितिको निर्वाचन सम्पन्न भएको ६ महिना भित्र संबन्धति प्रदेश केन्द्रले आ-आफ्नो प्रदेश भित्रका स्थानीय केन्द्रको निर्वाचन गराउनु पर्नेछ ।

**स्पष्टिकरण:**केन्द्रीय कार्यकारिणी समितिमा प्रत्येक प्रदेशबाट १ (एक) जनाका दरले ७ (सात) वटा प्रदेशबाट निर्वाचित भएर आउने ७ (सात) जना सदस्यहरु सम्बन्धित प्रदेशको स्थायी बासिन्दा हुनु पर्नेछ । सो को  प्रमाण सोही प्रदेश अन्तर्गतको राष्ट्रिय मतदाता परिचयपत्र वा जिल्लाबाट जारी नेपाली नागरिकता प्राप्त व्यक्तिमात्र निर्वाचनमा उमेदवार हुन पाउनेछन् ।

(ख) **प्रदेश केन्द्रको निर्वाचन:** प्रत्येक प्रदेशमा विधानमा तोकिए बमोजिम १५ जनाको पदमा प्रदेश कार्यकारिणी समितिको निर्वाचन हुनेछ । प्रदेश कार्यकारिणी समितिमा सम्बन्धित प्रदेश केन्द्रमा आवद्ध मतदाता सदस्यहरु र सोही प्रदेशमा तत्काल कायम रहेका स्थानीय केन्द्रमा आवद्ध मतदाताहरुले मात्र आ-आफ्नो प्रदेश केन्द्रको निर्वाचनमा विधान बमोजिम योग्यता पुगेका व्यक्ति उमेदवार हुन र मतदान गर्न पाउनेछन् ।

(ग) **स्थानीय केन्द्रको निर्वाचन:** प्रत्येक स्थानीय केन्द्रमा विधानमा तोकिए बमोजिम ९ जनाको कार्यकारिणी समितिको निर्वाचन हुनेछ । संबन्धित स्थानीय केन्द्रमा आवद्ध मतदाता सदस्यहरुले मात्र उक्त स्थानीय केन्द्र रहेको प्रदेश केन्द्रले तोकेको मतदान केन्द्रबाट मतदान गर्न पाउनेछन् । स्थानीय केन्द्रको निर्वाचन संबन्धित प्रदेश केन्द्रले गराउनेछ ।

## ४. सल्लाहकार परिषद् (Advisory Council) को गठन तथा निर्वाचन:

(क) सल्लाहकार परिषद्को गठन तथा निर्वाचन विधानको परिच्छेद ५ (१) मा भएको व्यवस्था बमोजिम हुनेछ ।

## ५. केन्द्रीय कार्यकारिणी समिति र प्रदेश कार्यकारिणी समिति निर्वाचनको लागि मतदाता संबन्धी व्यवस्था:

(क) प्रदेश नं. १ अन्तरगत हाल कायम रहेका विराटनगर, इटहरी तथा झापा लगायत आवश्यकतानुसार पछि स्थापना हुने थप स्थानीय केन्द्रमा आवद्ध मतदाता सदस्यहरुको समूहलाई जनाउनेछ ।

(ख) प्रदेश नं. २. का अन्तगरत हाल कायम रहेका जनकपुर र विरगंज लगायत आवश्यकतानुसार पछि स्थापना हुने थप स्थानीय केन्द्रमा आवद्ध मतदाता सदस्यहरुको समूहलाई जनाउनेछ ।

(ग) प्रदेश नं. ३ का अन्तरगत हाल कायम रहेका हेटौडा र भरतपुर लगायत आवश्यकतानुसार पछि स्थापना हुने थप स्थानीय केन्द्रमा आवद्ध मतदाता सदस्यहरुको समूहलाई जनाउनेछ ।

माथी बुँदा ग अनुरुप कायम हुने मतदाताको हकमा उपरोक्त स्थानीय केन्द्र लगायत केन्द्रीय मतदान केन्द्र रहने काठमाडौं उपत्यकामा समेत प्रदेश नं. ३ को लागी छुट्टै मतपेटिका र मतदान केन्द्रको व्यवस्था गरिनेछ ।

(घ) गण्डकी प्रदेश अन्तरगत हाल कायम रहेको पोखरा लगायत आवश्यकतानुसार पछि स्थापना हुने थप स्थानीय केन्द्रमा आवद्ध मतदाता सदस्यहरुको समूहलाई जनाउनेछ ।

(ङ) प्रदेश नं. ५ का अन्तरगत हाल कायम रहेको बुटवल, दाङ र नेपालगंज लगायत आवश्यकतानुसार पछि स्थापना हुने थप स्थानीय केन्द्रमा आवद्ध मतदाता सदस्यहरुको समूहलाई जनाउनेछ ।

(च) कर्णाली प्रदेश अन्तरगत हाल कायम रहेको सूर्खेत लगायत आवश्यकतानुसार पछि स्थापना हुने थप स्थानीय केन्द्रमा आवद्ध मतदाता सदस्यहरुको समूहलाई जनाउनेछ ।

(छ) प्रदेश नं. ७ का अन्तरगत हाल कायम रहेका धनगढी र महेन्द्रनगर लगायत आवश्यकतानुसार पछि स्थापना हुने थप स्थानीय केन्द्रमा आवद्ध मतदाता सदस्यहरुको समूहलाई जनाउनेछ ।

(ज) मतदाता नामावली कायम भएको कम्तिमा १ (एक) वर्षसम्म प्रदेश केन्द्र तथा स्थानीय केन्द्रमा आवद्ध मतदाताले मतदान केन्द्र परिवर्तन गर्न पाइनेछैन् ।

(झ) एक मतदाता एक मतदान केन्द्रको प्रावधान बमोजिम केन्द्रीय कार्यकारिणी समितिको निर्वाचनमा मुलुकभरका प्रदेश केन्द्र, स्थानीय केन्द्रका मतदाता सदस्यहरुले आ-आफ्नो आवद्धता रहेको प्रदेश केन्द्र र स्थानीय केन्द्रमा तोकिएको मतदान केन्द्रबाट मात्र मतदान गर्न पाउनेछन् ।

(ञ) प्रदेश कार्यकारिणी समितिको लागी संबन्धीत प्रदेश केन्द्र र सो मातहतका स्थानीय केन्द्रमा आवद्ध सबै मतदाताले तोकिएको मतदान केन्द्रबाट मतदान गर्न पाउनेछन् तर स्थानीय कार्यकारिणी समितिको निर्वाचनको लागी भने संबन्धित प्रदेशको स्थानीय केन्द्रमा आवद्ध मतदाताहरुले मतदान गर्न पाउनेछन् ।

उपरोक्त बुँदा **५** को **क** देखि **छ** सम्मको व्यहोरा बमोजिम तोकिएका प्रदेश केन्द्रका मतदाता सदस्यहरुको आवद्धता र क्षेत्राधिकार सोही प्रदेश केन्द्रमै रहने गरी पछि थपघट वा विस्तार हुने स्थानीय केन्द्र अनुसार समायोजन हुँदै जानेछ । प्रदेश केन्द्रको मुकाम नेपाल सरकारले तोकेको प्रदेश राजधानीमा कायम गरिनेछ ।

## ६. स्वयं घोषणाः

(क) मतदाता सदस्यहरुले केन्द्रीय कार्यकारिणी समिति, प्रदेश कार्यकारिणी समिति तथा स्थानीय कार्यकारिणी समिति निर्वाचनको सिलसिलामा मतदान केन्द्र परिवर्तन गर्नुपर्ने भएको खण्डमा साविकमा मतदान गरेको मतदान केन्द्रमा कायम रहेको नामावली अर्को मतदान केन्द्रमा स्थानान्तरण वा हाल साविक गर्नको लागि तोकिएको म्यादभित्र केन्द्रीय कार्यालयमा स्वयं घोषणा मार्फत लिखित जानकारी गराउनु पर्नेछ । त्यस्तो निवेदन परेको खण्डमा मात्र मतदान केन्द्र परिवर्तन हुनेछ अन्यथा साविककै मतदान केन्द्रमा निज मतदाताको नामावली कायमै रहेको मानिनेछ ।

(ख) प्रदेश कार्यकारिणी समिति तथा स्थानीय कार्यकारिणी समितिको निर्वाचनको लागि मतदाता सदस्यहरुले साविक प्रदेश केन्द्रबाट अर्को प्रदेश केन्द्रमा वा सो प्रदेशको स्थानीय केन्द्रमा वा तत्काल आफू आवद्ध रहेको प्रदेश केन्द्रबाट सोही प्रदेश अन्तरगतको स्थानीय केन्द्रमा सरुवा, काज वा बसाइ सराई गरी आएको अवस्थामा आफू कार्यरत रहेको कार्यालयको सिफारिस वा वर्तमान ठेगाना सहित आवद्ध हुन चाहेको हालको प्रदेश केन्द्रमा सम्पर्क गरी निवेदन दिएमा त्यस्तो मतदाता सदस्यको नाम संबन्धित प्रदेश केन्द्रले आफ्नो प्रदेश केन्द्रमा आवद्ध हुने गरी दर्ता गरिदिनु पर्नेछ र सोको लिखित जानकारी प्रदेश केन्द्रले केन्द्रीय कार्यालयलाई गराउनु पर्नेछ । यसरी दर्ता भएको वा आवद्धता प्राप्त मतदाता सदस्यले कम्तिमा १ (एक) वर्ष सम्म अर्को प्रदेश केन्द्र वा स्थानीय केन्द्रमा आफ्नो नाम स्थानान्तरण गर्न पाउने छैन् ।

(ग) बुँदा ख मा जुनसुकै कुरा लेखिएको भएपनि यसरी स्वयं घोषणा गर्ने सुविधाको हकमा अन्तिम मतदाता नामावली प्रकाशन हुनु अगावै केन्द्रीय कार्यकारिणी समितिले सबै मतदाता सदस्यहरुको जानकारीको लागी सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ । उक्त सूचना बमोजिम तोकिएको म्यादभित्र सबन्धित मतदाताले तोकिएको प्रकृया पुरा गरी केन्द्रीय कार्यकारिणी समिति समक्ष निवेदन दिनुपर्नेछ । निर्वाचन कार्यलाई सरल, सहज र निष्पक्ष बनाउन  स्वयं घोषणा गर्ने म्याद, विषय, प्रक्रिया र विधीका बारेमा केन्द्रीय कार्यकारिणी समितिले आवश्यकता अनुसार थप निर्णय गर्न सक्नेछ ।

**७. मतदान केन्द्रः** प्रत्येक प्रदेश केन्द्रमा आवश्यकतानुसार मतदान केन्द्र तोकिनेछ । प्रदेश केन्द्र अन्तरगतका सबै सदस्यले आ-आफ्नो आवद्धता रहेको प्रदेशबाट मात्र मतदान गर्न पाउनेछन् ।

## ८. निर्वाचन अधिकृत तथा मतदान अधिकृत संबन्धी व्यवस्थाः

(क) निर्वाचन समितिले प्रत्येक प्रदेशमा १ (एक) जना  निर्वाचन अधिकृत र प्रत्येक मतदान केन्द्रमा आवश्यकतानुसार मतदान अधिकृत नियुक्त गरी खटाउन सक्नेछ ।

(ख) निर्वाचन समितिको निर्देशिका र आचार संहिता भित्र रहि निष्पक्ष र शान्तिपूर्ण निर्वाचन गराउने कार्य निर्वाचन अधिकृतको हुनेछ । मतदानका बखत भईपरि आउने विवादको निरोपण गर्ने अधिकार संबन्धित मतदान केन्द्रका मतदान अधिकृतलाई हुनेछ । मतदान अधिकृतबाट समाधान हुन नसकेको विवाद

निर्वाचन अधिकृतबाट र निर्वाचन अधिकृतबाट समेत विवादको समाधान हुन नसकेमा निर्वाचन समितिको निर्णय अन्तिम हुनेछ ।

९. **मतदानः** प्रत्येक मतदान केन्द्रका मतदाता सदस्यहरुले तोकिएको संख्यामा पदाधिकारी तथा सदस्यहरु गरी एक पद एक मतका आधारमा प्रत्यक्ष निर्वाचन प्रणाली मार्फत मतदान गरिनेछ ।

१०. **मतपत्र संबन्धी व्यवस्थाः** विभिन्न पदमा उमेदवारी दर्ता गराई रितपूर्वक आवेदन परेका सम्पूर्ण उमेदवारहरुको नाम समावेश गरी निर्वाचन समितिले तोकेको ढाँचामा आवश्यक संख्यामा मतपत्रको व्यवस्था गरिनेछ ।

११. **मतपत्रमा हस्ताक्षर र छापः** निर्वाचनमा प्रयोग गरिने प्रत्येक मतपत्रमा निर्वाचन समितिको छाप र संबन्धित मतदान केन्द्रका मतदान अधिकृतको सक्कल हस्ताक्षर भएको मतपत्र मात्र प्रयोगमा ल्याउनु पर्नेछ ।

**१२. मतपत्र बदर हुने अवस्थाः**

**देहायको अवस्थामा मतपत्र बदर हुनेछ ।**

(क) मतपत्रमा प्राथमिकता दिइएको संकेत चिन्ह बाहेक अन्य चिन्ह प्रयोग भएको पाइएमा ।

(ख) मतपत्रमा तोकिएको संकेत चिन्ह बाहेक अन्य केही शब्द, लिखित संकेत भएको पाइएमा ।

(ग) तोकिएको संख्या भन्दा बढिलाई मतदान भएमा ।

(घ) तोकिएको स्थान बाहेक अन्य स्थानमा मत संकेत प्रयोग भएको पाइएमा ।

(ङ) उल्लेखित अवस्था बाहेक बदर संबन्धी अन्य प्रावधान निर्वाचन समितिले व्यवस्था गरे अनुसार हुनेछ ।

**१३. उमेदवारीः**

(क) निर्वाचनमा सहभागीताको लागी केन्द्रीय कार्यकारिणी समितिले तोकेको म्यादभित्र तोकिएको शुल्क बुझाई मतदाता सदस्य कायम भएका व्यक्तिले निर्वाचन समितिले तोकेको उम्मेदवारी शुल्क बुझाई विधानले तोके बमोजिम उमेदवारको योग्यता अनुसार एक व्यक्ति एक पदमा उमेदवारी दिन सक्नेछन् ।

(ख) उमेदवार हुनको लागी एक जना प्रस्तावक र एकजना समर्थक सहित तोकिएको उमेदवारी मनोनयन पत्र आफै वा वारेस प्रतिनिधी मार्फत निर्वाचन समितिमा बुझाउनु पर्नेछ ।

(ग) उमेदवारी दर्ता लगायत निर्वाचन प्रयोजनका लागि अनुकुलता हेरी प्रत्येक प्रदेशमा निर्वाचन समितिले एउटा निर्वाचन कार्यालय स्थापना गर्न सक्नेछ ।

(घ) प्रदेश कार्यकारिणी समितिकोलागी उमेदवार हुन चाहने सदस्यले तोकिएको योग्यता र प्रक्रिया पूरा गरी आफू मतदाता रहेको प्रदेश केन्द्र स्थित निर्वाचन कार्यालयमा उमेदवारी दर्ता गराउनु पर्नेछ ।

(ङ) कुनै पनि पदको उमेदवारले अन्य कुनै पदको अर्को उमेदवारको लागी प्रस्तावक वा समर्थक हुन पाउनेछैन ।

(च) केन्द्रीय कार्यकारिणी समितिको लागी प्रत्येक पदमा एकजना प्रस्तावक वा समर्थक र प्रदेश कार्यकारिणी समितिको लागी १५ वटा पदमा नबढाई प्रस्तावक वा समर्थक हुन पाइनेछ । केन्द्रीय कार्यकारिणी समितिको लागी एक वटा पद र प्रदेश कार्यकारिणी समितिको लागी १५ वटा पद भन्दा बढि प्रस्तावक वा समर्थक रहेको पाइएमा त्यस्तो उमेदवारी रद्द हुनेछ ।

(छ) चुनाव प्रचार प्रसारको समय निर्वाचन समितिले तोके बमोजिम हुनेछ । मतदान हुने समयको ठीक ४८ घण्टा अगावै मौन अवधी गणना हुनेछ ।

**१४. उमेदवारी दर्ताः**

**(क)** केन्द्रीय कार्यकारिणी समितिको लागी काठमाण्डौ स्थित निर्वाचन समितिको केन्द्रीय कार्यालय रहेको स्थानमा र प्रदेश कार्यकारिणी समितिको लागी संबन्धित प्रदेश केन्द्रमा अवस्थित निर्वाचन कार्यालयमा उमेदवारी दर्ता गर्नुपर्नेछ ।

**(ख)** प्रदेश कार्यकारिणी समितिको लागी दर्ता भएको उमेदवारी अभिलेखलाई प्रदेश स्थित निर्वाचन कार्यालयले सुरक्षित तवरबाट तोकिएको समय सिमाभित्र निर्वाचन समिति समक्ष पठाउनु पर्नेछ ।

**१५. मतगणनाः**

मतदान सम्पन्न भइसकेपछि सम्बन्धित मतदान केन्द्रका मतदान अधिकृतले सकेसम्म छिटो प्रचलित नियम र प्रकृया पुरा गरी मतगणना शुरु गर्नेछन् । मतगणनाको समयमा आईपर्ने विवादको समाधन गर्ने अधिकार मतदान अधिकृतको हुनेछ । तत्काल विवाद समाधान हुन नसकेमा निर्वाचन अधिकृतबाट र निर्वाचन अधिकृतबाट पनि समाधान हुन नसकेमा निर्वाचन समितिको निर्णय अन्तिम हुनेछ ।

**१६. मतपरिणाम पठाउनेः** केन्द्रीय कार्यकारिणी समितिको लागी मतगणना कार्य सम्पन्न भइसकेपछि मतदान अधिकृतले सुरक्षित तवरबाट विद्युतीय माध्यम (e-Mail वा Fax) मार्फत यथाशक्य छिटो निर्वाचन समिति समक्ष मतपरिणाम पठाउनु पर्नेछ । उक्त मतगणना परिणामको सक्कल कागजात सहितको विवरण गणना सम्पन्न भएको एक हप्ता भित्र निर्वाचन समिति समक्ष पठाउनुपर्नेछ । प्रदेश कार्यकारिणी

समितिको लागी निर्वाचन परिणाम घोषणा गरी निर्वाचित पदाधीकारी र सदस्यहरुलाई प्रमाणपत्र दिने कार्य संबन्धित प्रदेश केन्द्रको निर्वाचन अधिकृतद्वारा गरिनेछ ।

**१७. निर्वाचन खर्च व्यवस्थापनः**

(क) उमेदवारी दर्ता शुल्क लगायतका अन्य दरखास्त फारम दस्तुरका विषयमा निर्वाचन समितिले तोके बमोजिम हुनेछ ।

(ख) निर्वाचनको पूर्व तयारी देखि मतगणना सम्पन्न नहुञ्जेलसम्म मतदान केन्द्र व्यवस्थापन, मतपत्र छपाई, ढुवानी, मसलन्द छपाई, यातायात, भाडाभरोट, चिया खाजा, खाना तथा कर्मचारी भत्ता संबन्धी इत्यादि भइपरी आउने खर्च व्यवस्थापनको लागि निर्वाचन समितिको सिफारिसमा केन्द्रीय कार्यकारिणी समितिले भुक्तानीको प्रबन्ध मिलाउनेछ ।

**१८. मत बराबर भएमा :**

अध्यक्ष वा अन्य कुनै पदको उमेदवार विच मत बराबरी भएमा कार्यकाल आधा आधामा बिभक्त गरिनेछ र आधा कार्यकाल पहिले वा पछि सो को टुंगो गोला प्रथाबाट लगाइनेछ ।

**१९. पदावधीः**

(क) विधान अनुरुप नेपाल ईन्जिनियर्स एशोसिएसनको केन्द्रीय कार्यकारिणी समिति, प्रदेश कार्यकारिणी समिति र स्थानीय कार्यकारिणी समितिको कार्यकाल २ वर्षको हुनेछ ।

(ख) केन्द्रीय कार्यकारिणी समिति र प्रदेश कार्यकारिणी समितिको २ वर्षे कार्यकाल निर्वाचन हुने वर्षको भदौ मसान्तमा पुरा हुनेछ ।

(ग) बुँदा ख बमोजिमको कार्यकाल पूरा भएपश्चात आगामी ९० दिन भित्र विधान अनुरुप निर्वाचन समिति गठन गरी नयाँ निर्वाचन सम्पन्न गराई अंग्रेजी नयाँ वर्षको शुरुवातमा नवनिर्वाचित कार्यकारिणी समितिलाई पदभार हस्तान्तरण गरिनेछ ।

**स्पष्टिकरणः** अब उप्रान्त पदावधी सकिएको वर्षको मंसीर मसान्तभित्रको समय सिमाभित्र नयाँ निर्वाचन गराइसक्नुपर्ने केन्द्रीय कार्यकारिणी समिति र सबै प्रदेश कार्यकारिणी समितिको दायित्व रहनेछ ।

**२०. मर्यादा क्रमः**

केन्द्रीय कार्यकारिणी समितिका पदाधीकारहरु तथा मुलुकभर तोकिएका मतदान केन्द्रबाट प्रत्यक्ष निर्वाचनद्वारा निर्वाचित भई आउने १२ जना सदस्य मध्ये सबैभन्दा बढी मत ल्याउने सदस्य पहिलो हुने गरी सोही क्रम अनुसार १२ जना सदस्य र त्यसपछि प्रत्येक प्रदेश केन्द्रबाट निर्वाचित हुने ७ जना सदस्यहरुमध्ये आफ्नो प्रदेशबाट प्राप्त मत प्रतिशतका आधारमा  सबैभन्दा बढि प्रतिशत मत प्राप्त गर्ने सदस्य पहिलो हुने गरी सोही क्रमअनुसारका ७ जना सदस्य ।

**२१.** माथी उल्लेखित बुँदाहरु मध्ये कुनै बुँदा विधानसँग बाझिएको हकमा विधान बमोजिम हुनेछ ।